मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : ६१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ माघ ३ गते सोमवार (Monday, January 17. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## बन्दुकसहित पक्राउ

**पथरीशनिश्चरे, माघ २।** मोरङको लेटाङ्ग- ९स्थित बसन्त हरियाली सामुदायिक वन क्षेत्रमा भरूवा बन्दुकसहित एक जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

गत पुस ३० गते सामुदायिक वन क्षेत्रभित्र मोरङकै मिक्लाजुङ-५बस्ने ६० वर्षका इन्द्रबहादुर राईलाई ३ नाल भरूवा बन्दुक, १८ थान गोली र २ डब्बा बारूद्ध, ५ पोका छर्रा तथा १ थान खुकुरीसहित प्रहरी चौकी जाँतेबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो ।

पक्राउ परेका निज राईलाई मोरङ जिल्ला अदालतबाट हातहतियार खरखजना अभियोगमा पाँच दिनको म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

सरकारले भन्यो

## लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपाली भूमि




**झापा, माघ २।** सरकारले लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग भएको जनाएको छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाली भूमि लिम्पियाधुरामा सडक निर्माण र बिस्तार गरिरहेको सार्वजनिक रुपमा नै अभिव्यक्ति दिएपछि यो विषय चर्चामा आएको थियो । मोदीको उक्त अभिव्यक्तिको विरोध नगरेको भन्दै सरकारको आलोचना भइरहँदा आइतबार सरकारले आधिकारिक धारणा सार्वजनिक गरेको हो ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पत्रकार सम्मेलन गरी सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भू-भाग रहेको भन्ने तथ्यमा नेपाल सरकार दृढ र स्पष्ट रहेको बताए । नेपाल सरकारले भारत सरकारलाई नेपाली भू-भाग भएर जाने कुनै पनि किसिमको एकपक्षीय सडक निर्माण नगर्न र भइरहेको सडक विस्तार रोक्न आग्रह गरेको उनले जानकारी दिए ।

मन्त्री कार्कीले नेपाल र भारतबीच घनिष्ठ र मैत्रीपूर्ण सम्बन्ध रहेको भन्दै ऐतिहासिक सन्धि सम्झौता तथा नक्सा र प्रमाणका आधारमा कूटनीतिक माध्यमबाट सबैखाले विवाद हल गर्न नेपाल सरकार प्रतिबद्ध रहेको पनि उल्लेख गरे ।

तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले लिम्पियाधुरा, कालापानी र लिपुलेक सहितको नयाँ नक्सा जारी गरेपछि भारतले त्यसलाई 'ऐतिहासिक प्रमाण बिनाको काम' भनेको थियो । त्यस यता भारत र नेपालबीच सीमा विवादबारेमा छलफल हुन सकेको छैन ।

मोदीले सार्वजनिक रुपमा नै नेपालको भूभागमा सडक निर्माण गरिरहेको बताएपछि सत्तारुढ दलसहित प्रतिपक्षी दलले समेत सरकारलाई जवाफ दिन दबाब दिँदै आएका थिए । नेपाली कांग्रेसभित्रै पनि सरकारले भारतलाई जवाफ दिनुपर्ने आवाज उठेको थियो ।

# धनीपुर्जा नेपालको, जमिन भारतमा

पार्थ मण्डल

**झापा, माघ २।** कचनकवल-५ पाठामारी निवासी सहदेवसिंह राजवंशी एक विगाहा चार कट्ठा जमिनमा परिवारसँगै खेतीपाती गर्दै आइरहेका छन् ।

आमा फागनी राजवंशीको नाममा नेपाली जग्गाधनी पुर्जा रहेको सहदेवको परिवार तीन पुस्तादेखि त्यही जमिन भोगचलन गर्दै आइरहेको छ। अहिले सहदेवको जमिन आधा नेपाल र आधा भारतमा परेको छ। उनको खेतमै ११२/९ नम्बरको सीमा पिलर गाडिएको छ ।

नेपाल सरकारले २०५२ सालमा दिएको जग्गा धनी पुर्जाको प्रमाणपत्र देखाउँदै सहदेवले भने- 'नेपाली भूमि कहिले भारत भयो, पत्तै पाएनौं ? हाम्रो देशको सरकार के हेर्दछ ? भारतकै जमिन हो भने कसरी नेपाल सरकारले हामीलाई जग्गा धनी पुर्जा दियो ।' 'जमिन नभएको जग्गाधनीको के काम ? अब जग्गाधनी पुर्जा लगेर सिडियो साबलाई बुझाउनु भन्दा अन्य विकल्प हामीसँग छैन'- उनले भने ।

हाम्रो खेत भारतीय भूमिमा परेको भन्दै जहिल्यै एसएसबी आएर दुःख दिने गरेको बताउँदै सहदेवका भाइ गोविन्द राजवंशीले भने- 'सरकार कि हाम्रो धनी पुर्जा लेऊ, कि हामीलाई जमिन दिलाऊ, भारतीय एसएसबीको ज्यादती अब सहन सक्दैनौं ।' उनीहरू मात्रै होइनन्, पाठामारीका आधा दर्जन बढी परिवारको जमिन भारतले कब्जा गरिसकेको छ । पुरानो दशगजाको बाटो त्यतिकै छ । त्यो बाटो नै दुई देशको सीमा छुट्याउने मुख्य बिन्दु हो । त्यहाँबाट गाउँवासी अहिले पनि आउजाउ गरिरहेका छन् ।



तर, दशगजादेखि करिब ३०० मिटरभित्र करिब ५ वर्ष अघि खेतमै लगेर सीमा पिलर गाडेर हामीमाथि राज्यले नै दमन गरेको भन्दै अर्का पीडित जग्गाधनी कुसुमलाल गणेशले पीडा पोखे । हातहतियारसहित आउने एसएबसीले जहिले पनि आएर हप्काउने गरेको बताउँदै गणेशले भने- 'एसएसबी भन्छन्- यहाँ खेती बन्द करो, नहीं तो बाली उखाड के फेक देङ्गे । यहाँ मेरो १० कट्ठा जमिन छ ।'

त्यसमा ६ देखि ७ कट्ठा जमिन भारतले कब्जा गरिसक्यो । 'धनी पुर्जामा जमिन छ, मालपोत पनि तरिरहेको छु, भोग गर्न समस्या भइरहेको छ'- उनले भने । 'हामी गरीब मान्छे अब के गरी खाने, खेतीपाती नै मुख्य पेसा हो'- उनले भने- 'मेरो खेतमा ११२/१२ नम्बरको पिलर गाडिएको छ, पिलर वरिपरि दुवै देशका सुरक्षाकर्मी उपस्थितिमा केही दिन अघि मात्र बाँस गाडेर गएको छ ।' 'बाँस गाडिएको स्थान वरिपरि नखन्नु, नत्र कानून लाग्छ भनेर हामीलाई धम्क्याउँछन्'- उनले भने ।

त्यस्तै मुनालाल गणेशको बुबा वेङ्ग गणेशको नाममा

(बाँकी अन्तिम पृष्ठमा)

## झापाबाटै ई-पासपोर्ट



**झापा, माघ २।** जिल्ला प्रशासन कार्यालय झापाले आइतबारदेखि विद्युतीय राहदानी (ई-पासपोर्ट) वितरण गर्न थालेको छ ।

राहदानी विभागले जिल्लामा पहिलोपटक विद्युतीय राहदानी पठाएपछि प्रमुख जिल्ला अधिकारी छवि रिजालले आइतबार सेवाग्राहीलाई विद्युतीय राहदानी वितरण गर्दै यसको शुभारम्भ गरेका हुन् । प्रजिअ रिजालले आफ्नै कार्यकक्षमा कचनकवल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कुमार बस्नेत, कर्मचारी तुलसी आचार्य र सेवाग्राही नुतन थापालाई एकैपटक विद्युतीय राहदानी वितरण गरेका हुन् ।

विभागले विद्युतीय राहदानी प्रयोगमा ल्याएसँगै जिल्ला प्रशासन कार्यालय झापाले जनवरी १ तारिखदेखि विद्युतीय राहदानीको लागि अनलाइन फारम लिने काम शुरु गरेको सहायक प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद न्यौपानेले बताए ।

(बाँकी अन्तिम पृष्ठमा)

## माघ १५सम्म सिनेमा हल, डान्स बार, जिम हल बन्द

**झापा, माघ २।** सरकारले कोरोनाको संक्रमण बढ्दै गएको भन्दै माघ १५ गतेसम्म सिनेमा हल र जिम हल बन्द गर्ने निर्णय गरेको छ ।

मन्त्रिपरिषद् बैठकले भीडभाड कम गर्न माघ १५ गतेसम्मका लागि सिनेमा हल र जिम हल बन्द गर्ने निर्णय गरेको सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिए । सरकारले यसअघि नै सार्वजनिक स्थानमा २५ जना भन्दा बढीलाई भेला हुन रोक र शैक्षिक संस्था बन्द गरिसकेको छ ।

सरकारले विवाह, ब्रतबन्ध लगायत धार्मिक कार्यक्रम गर्न निश्चित मापदण्ड तोकेको छ । धार्मिक कार्यक्रमहरुमा मापदण्ड तोकेको मन्त्री कार्कीले बताए ।

माघ महिनाबाट बिवाहको लगन शुरु भएको छ । ठीक त्यही बेला सरकारले कोरोना भाइरस संक्रमण रोकथामका लागि यस्तो मापदण्ड तय गरेको हो ।

कोरोना संक्रमण बढेपछि सरकारले भीडभाड हुने कार्यक्रमहरुमा रोक तथा मापदण्ड लागू गरेको हो । बिवाह, ब्रतवन्ध लगायतका धार्मिक कार्यक्रम गर्न जिल्ला प्रशासन कार्यालयबाट पूर्व स्वीकृति समेत लिनुपर्ने भएको छ ।

पार्टी प्यालेसमा एकपटकमा कूल क्षमताको एकतिहाई नबढ्ने गरी बढीमा ५० जनामात्र उपस्थित गरेर सञ्चालन गर्न पाउने व्यवस्था गरिएको छ । अरु क्षेत्रमा पनि सरकारले कडाइ गरेको छ ।

सरकारले केही समयका लागि सिनेमा हल, डान्स बार, जिम खाना, दोहोरी, पटके हाटहरु सञ्चालनमा रोक लगाएको छ । धार्मिक स्थलहरुमा जनस्वास्थ्यको मापदण्ड पालना गरी नित्यकर्म धार्मिक पूजा गराउने निर्णय भएको छ । त्यस्तै सपिङ मल, डिपार्टमेन्ट स्टोरमा एक पटकमा २५ जनाभन्दा बढी उपस्थित नहुने गरी सञ्चालन गर्नुपर्ने मापदण्ड तोकिएको छ । जथाभावी समानहरु छुन पनि रोक लगाउन निर्देशन दिएको छ ।

जारी खेलकुदमा पनि मन्त्रिपरिषद् बैठकका निर्णयले प्रभाव पार्ने भएको छ । कुनै पनि प्रतियोगितामा कूल क्षमताको एक तिहाई मात्र दर्शकले प्रतियोगिता हेर्न पाउने छन् । खेल आयोजकको खर्चमा उपस्थित दर्शक मध्ये र्‍यान्डमली छनोट गरेर एकतिहाईको एन्टिजेन परीक्षण गर्नुपर्ने पनि निर्णय गरिएको छ ।

## खल्ती एप्सको नक्कली कर्मचारी बनेर ठगी

**काठमाडौं, माघ २।** खल्ती एप्सको नक्कली कर्मचारी बनी अनलाईन ठगी गर्ने दुई व्यक्ति पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा पर्सा छिपहरमाई गाउँपालिका-२ ठेगाना भएका २ जना १८ वर्षीय किशोरहरू रहेका छन् ।

पीडितहरुलाई आफ्नो मोबाइलबाट फोन सम्पर्क गरी आफू खल्ती एप्सको कर्मचारी भएको तपाईको खल्ती खाता नवीकरण गर्नुपर्ने रहेछ, तपाईको मोबाइल नम्बरमा ओटीपी कोड आउँछ, उक्त ओटीपी कोड अरु कसैलाई नदिई टिपाउनु भनी पीडितहरुलाई विश्वासमा पार्ने गरेको बताइएको छ ।

उनीहरुले ओटीपी कोड लिई पीडितकै खल्ती आइडी खोली विभिन्न व्यक्तिहरुको नाममा रहेको बैंक खाता, ई-सेवा, खल्ती जस्ता आईडीमा रकम ट्रान्सफर गरी उक्त रकम विभिन्न व्यक्तिहरुको नागरिकताको फोटोकपी पेश गरी आईएमई तथा सिटी एक्स्प्रेस मनी ट्रान्सफरबाट निकाली अनलाइन ठगी गर्ने कार्यमा संलग्न उनीहरूलाई महानगरीय अपराध महाशाखा मिनभवनबाट खटिएको प्रहरीले जिल्ला प्रहरी कार्यालय पर्सासँगको समन्वयमा पक्राउ गरेको हो ।

उनीहरूलाई आवश्यक कारवाहीका लागि महानगरीय प्रहरी परिसर काठमाडौं पठाइएको उक्त महाशाखाले जनाएको छ ।

## कांग्रेसले थाल्यो विपन्नको घर बनाउने अभियान



**झिलझिले, माघ २।** शिवसताक्षीमा नेपाली कांग्रेसले विपन्नको घर बनाउने अभियान शुरु गरेको छ ।

राजनीतिक आस्थाका आधारमा तीन तहकै सरकारले बिपन्न नागरिकलाई विभेद गरेको भन्दै नेपाली कांग्रेसले नगरमा विपन्नको घर बनाउने अभियानै चलाएको हो ।

शिवसताक्षी-८मा आइतबार नेपाली कांग्रेसका झापा सभापति देउकुमार थेवेले स्थानीय मनकुमार राईको घरको शिलान्यास गरे । 'चार सय मिटर पूर्वमा नगरकार्यपालिकाको कार्यालय छ। तर, 'यहाँका जनप्रतिनिधिले आफ्नै आँखा अगाडिको विपन्न परिवार नदेख्दा ताजुब लागेर आयो'- उनले भने ।

राईको परिवार १५ वर्षदेखि घाम पानी नछेलिने फुसको घरमा बस्दै आएको छ । वर्षातका बेला पानी र हिउँदका बेला हावाहुरी खपेरै उनको परिवारले दुःखले छाप्रामा गुजारा चलाउँदै आएको थियो । स्थानीय डिल्ली खतिवडाले भने- 'हामीले नगरका सामाजिक अगुवा सन्तकुमार फेउदिनलाई मनकुमारको परिवार र उनको अवस्थाका बारेमा सुनाएका थियौं । उहाँ भोलिपल्ट लगत्तै मनकुमारको घरैमा आएर अवस्था बुझ्नु भयो र घर बनाइदिने बचन दिनुभयो ।'

सन्तकुमार फेउदिन नेपाली कांग्रेस शिवसताक्षीका उपसभापति हुन् । सामाजिक रुपमा क्रियाशिल फेउदेनकै संयोजकत्वमा मनकुमार राई घर निर्माण समिति समेत गठन भएको छ । आइतबार घर शिलान्यासकै दिन २ लाख ८७ हजार ५२ रुपैंया बराबरको नगद र जिन्सी कबोल भएको संयोजक फेउदिनले बताए ।

स्थानीयका अनुसार मनकुमारकी

(बाँकी अन्तिम पृष्ठमा)

# अनलाइनबाट पुनः श्रम स्वीकृति जारी

**झापा, माघ २।** सरकारले सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाउँदै लगेको छ ।

वैदेशिक रोजगार विभाग अन्तर्गतको वैदेशिक रोजगार कार्यालय काठमाडौँले आइतवारदेखि अनलाइन प्रणालीबाट पुनः श्रम स्वीकृति जारी गर्ने भएको छ । २०७७ पुसबाट भौतिक उपस्थिति र अनलाइन दुवै माध्यमबाट पुनः श्रम स्वीकृतिको काम हुँदै आएकोमा आइतवारदेखि अनलाइनबाट मात्र पुनः श्रम स्वीकृति जारी हुनेछ ।

श्रम स्वीकृतिलाई फेसलेस, पेपरलेस र क्यासलेस बनाइ छिटो, छरितो र पारदर्शी रुपमा गुनासोरहीत सेवाप्रवाह गर्न अनलाइन प्रणालीबाट मात्र पुनः श्रम स्वीकृतिको काम गर्न लागिएको कार्यालयले जनाएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई विना झञ्झट आधुनिक प्रविधिको प्रयोग गरी सहज र सरल तरिकाबाट सेवा प्रदान गर्न निर्देशन गरेसँगै पुनः श्रम स्वीकृतिको काम अनलाइन प्रणालीबाट मात्र गर्न लागिएको वैदेशिक रोजगार कार्यालयका प्रमुख रमेश अर्यालले जानकारी दिए ।

**कसरी लिने पुनः श्रम स्वीकृति ?**

पुनः श्रम स्वीकृतिको अनलाइन सेवा लिन सेवाग्राहीले वैदेशिक रोजगार विभागको वेभसाइटको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमार्फत आवश्यक सबै कागजातसहित फाराम भर्नुपर्नेछ ।

यसका लागि शुरुमा विभागको वेभसाइटमा गई अनलाइन श्रम स्वीकृतिमा क्लिक गर्नुपर्ने हुन्छ । अथवा सिधै वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमा गएर पनि खोल्न सकिनेछ ।

श्रम स्वीकृतिको कागजात जाँच गर्दा कुनै कारणले आवेदन अस्वीकृत भएमा सो को कारणसहितको सूचना आवेदकको मोबाइल नम्बर र आवेदन गर्दाको युजर एकाउन्टमा जाने हुँदा आफ्नो व्यक्तिगत मोबाइल नम्बर र इमेल ठेगाना अनिवार्य रुपमा भर्नुपर्नेछ । युजरनेम र पासवर्ड प्रयोग गरी अर्कोपटक श्रम स्वीकृति लिन श्रम स्वीकृतिको अवस्था थाहा पाउन, विवरण हेर्न र उजुरी वा गुनासो गर्न सकिने भएकाले आवेदन गर्दाको युजरनेम र पासवर्ड सुरक्षित राख्नुपर्ने हुन्छ ।

अनलाइनमा कागजात जाँच गर्न समय लाग्ने भएकाले कम्तीमा तीन दिन अगाडि अनलाइन फाराम भर्न र श्रम स्वीकृति लिइसकेपछि मात्र हवाई टिकटको प्रबन्ध गर्न कार्यालयले आग्रह गरेको छ । उडान हुने मितिसम्म श्रम स्वीकृतिको म्याद ९० दिनभन्दा बढी हुनुपर्ने भएकाले सो बमोजिम भए/नभएको यकिन गर्न पनि कार्यालयले भनेको छ ।

कार्यालयले संस्थागत श्रम स्वीकृति, पुनः श्रम स्वीकृति र व्यक्तिगत श्रम स्वीकृति दिने गरेको छ । संस्थागत श्रम स्वीकृतिका लागि सेवाग्राही कार्यालय आइरहनुपर्दैन, सम्बन्धित म्यानपावर व्यवसायी मात्र आउने गर्छन् । वैदेशिक रोजगार कार्यालयबाट चालु आर्थिक वर्षको पुससम्ममा पुनः श्रम स्वीकृतितर्फ करिब एक लाख जना, संस्थागततर्फ एक लाख ८० हजार र व्यक्तिगततर्फ आठ हजारभन्दा बढीले सेवा लिएको कार्यालयले जनाएको छ ।

## कर्मचारी आवश्यकता

यस सेक्युरिटी सर्भिस कम्पनीलाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

(१) **पद : लेखापाल** १ जना

**योग्यता :** BBS सो सरह, कम्प्युटरमा लेखा राख्न सक्ने कम्तीमा २ वर्षको अनुभव वेटेस

**तलब :** आकर्षक साथै अन्य सुविधा (२) **सेक्युरिटी गार्ड :** (महिला/पुरुष)

**सेक्टरवान सेक्युरिटी सर्भिस**

**पश्चिम बस स्टेण्ड दक्षिण, बिर्तामोड, फोन नं. : ९८१७९२६३२२, ९८५२६४१७४०, ९८२४९८२२९६**



**चौबीस संरक्षणकर्मीको सालिकः** ताप्लेजुङको कञ्चनजंघा संरक्षण क्षेत्रस्थित घुन्सामा हेलिकप्टर दुर्घटनामा परी मृत्युवरण गरेका तत्कालीन वनमन्त्री गोपाल राईसहित २४ विशिष्ट संरक्षणकर्मीको सम्झनामा ताप्लेजुङको भिन्तुना डाँडामा राखिएको सालिक । वि.सं. २०६३ असोज ७ गतेको दिन हेलिकोप्टर दुर्घटना भएको थियो । **तस्वीरः रासस**

## क्यासिनो सञ्चालक भाग्न लाग्दा ...

**काठमाडौं, माघ २।** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेको निर्देशनमा मन्त्रालयले एसएचएल म्यानेजमेन्ट प्रालिका निमित्त प्रमुखकार्यकारी अधिकृत माइक बोल्सोभरलाई नेपाल छोड्न रोक लगाइएको छ ।

क्यासिनो सञ्चालन गरेबापत उनले नेपाल सरकारलाई रु. १३ करोड राजस्व तिर्नुपर्ने देखिए पनि हालसम्म नतिरी भाग्न लागेकाले मन्त्री आले र मन्त्रालयका सचिव महेश्वर न्यौपानेको निर्देशनमा शनिवार राति १० बजे साउथ अमेरिका उड्न लागेका क्यासिनोका निमित्त सिइओ बोल्सोभरलाई विमानस्थलबाटै नियन्त्रणमा लिइएको बताइएको छ । उनले ओसिपी एशियाको लगानीमा काठमाडौँको लाजिम्पाटस्थित साङ्रिला होटल र भैरहवास्थित टाइगर प्यालेसमा सञ्चालित दुई क्यासिनोको राजस्व तिरेका थिएनन् ।

बोल्सोभरले सञ्चालन गरेका दुईवटा क्यासिनोले प्रतिक्यासिनो रु छ करोड ५० लाखका दरले दुई क्यासिनोको रु. १३ करोड पुस मसान्तभित्र दाखिला गर्नुपर्नेमा अटेर गरी भाग्न लागेको थाहा पाएपछि रोक लगाइएको हो । मन्त्री आलेको निर्देशन पछि सञ्चालनमा रहेका आठ क्यासिनो कम्पनीले कम्तीमा पनि रु. ४० करोड सरकारको खातामा राजश्व दाखिला गरिसकेका छन् भने एसएचएल म्यानेजमेन्ट प्राइभेट लिमिटेडले भने रु. १३ करोड राजस्व नबुझाएको बताइएको छ ।

एसएचएल म्यानेजमेन्ट प्राइभेट लिमिटेडले तिलोत्तमा नगरपालिका-६ भैरहवामा २३ कठ्ठा सरकारी जग्गामा पाँच तारे होटल गैरकानूनी ढङ्गले सञ्चालन गरेको आरोप छ । सर्वोच्च अदालतलेसमेत उक्त कम्पनीलाई कुनै कारोबार नगर्न आदेश दिएको थियो । सर्वोच्चको आदेशविपरीत क्यासिनो र होटल सञ्चालन गर्दै आएको उक्त कम्पनीका सिइओ बोल्सोभर राजश्व नबुझाएर मध्यरातमा नेपाल छोड्दै गर्दा पक्राउ परेका हुन् ।

## चार पालिकाले गरे भूमि आयोगसँग सम्झौता

**झापा, माघ २।** जिल्लाका १५ पालिकामध्ये चार पालिकाले अव्यवस्थित बसोबास, भूमिहीनको लगत सङ्कलन र नापजाँचका लागि राष्ट्रिय भूमि आयोगसँग सम्झौता गरेका छन् ।

शिवसताक्षी, दमक र कनकाई नगरपालिका तथा बुद्धशान्ति गाउँपालिकाले उक्त सम्झौता गरेका हुन् । देशभरका ९१ स्थानीय तहलाई राष्ट्रिय भूमि आयोगले गत पुस २४ गते सम्झौताका लागि काठमाडौंस्थित आयोगको कार्यालयमा बोलाएको थियो । छुटेका पालिकाले आफ्नो अनुकूलता अनुसार सम्झौता गर्न आउन सक्ने आयोगका उपाध्यक्ष एवम् प्रवक्ता नहेन्द्र खड्काले जानकारी दिए ।

शिवसताक्षी नगरपालिकाका प्रमुख चन्द्र शेर्माले भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा पाउनका लागि पालिकामा आवेदन दिनुपर्ने बताउनुभयो । आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरेर माघ १८देखि ३५ दिनभित्र स्थानीय तहबाट तोकिएका स्थानमा खटिएका लगत सङ्कलकमार्फत पेश गर्नुपर्ने उनको भनाइ छ ।

काम गर्न सजिलो गराउनका लागि नगरस्तरीय र वडास्तरीय सहयोग तथा सहजीकरण समिति गठन गर्ने तयारी भइरहेको उनले बताए । नगर प्रमुख संयोजक रहेको समितिमा उपप्रमुख, राष्ट्रिय मान्यताप्राप्त राजनीतिक दलका प्रमुख एक/एक जना र प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव रहने व्यवस्था छ । वडा पालिकामा भने वडाध्यक्षसहित वडा सदस्य र राजनीतिक दलका प्रमुख सम्मिलित सहयोग समिति गठन हुने बताइएको छ ।

## प्रदेश १को नाम 'किरात' नराखे आन्दोलन !

**पथरीशनिश्चरे, माघ २।** मोरङको पथरीमा शनिबार आयोजित माघे संक्रान्ति तथा यले सम्वत नयाँ बर्षको शुभकामना आदानप्रदान कार्यक्रममा प्रदेश नं. १ को नाम किरात नराखिए आन्दोलन चर्किने चेतावनी दिइएको छ ।

किरात राई यायोक्खा पथरीशनिश्चरे नगर समितिद्वारा आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा सो चेतावनी दिएको हो । किरात कुनै एउटा जाति नभएर इतिहास, भूगोल, सभ्यता भएको उल्लेख गर्दै प्रदेशको नाम किरात राख्दा साझा हुने र सबैलाई स्वीकार्य हुने उक्त कार्यक्रमका वक्ताहरुको दावी थियो ।

कार्यक्रममा पथरीशनिश्चरे नगर प्रमुख दिलीपकुमार राईले नयाँ बर्ष र संक्रान्तिको शुभकामना दिएको उक्त शुभकामना आदान प्रदान कार्यक्रममा किरात राई यायोक्खा केन्द्रीय प्रचार विभाग प्रमुख समेत रहेका सचिव अर्जुन जम्नेली राई, जिल्ला अध्यक्ष नरहाङ राई, समाजसेवी कुमार चाम्लिङ लगायतले मन्तव्य दिएका थिए । यायोक्खाले प्रदेशको नाम किरात राख्न लामो समयदेखि जनप्रदर्शन, हस्ताक्षर संकलन गरेर बुझाउने कार्यदेखि, किरात प्रदेश नामकरणको साहित्यिक तथा खेलकुद जस्तो कार्यक्रम हुँदै आएको छ ।

किराती समुदायले यले सम्वतलाई नयाँ वर्षको रुपमा मान्दै आएका छन् । हाङ यलम्बरको नामबाट शुरु भएको यले सम्वत माघ १देखि ५०८१ सकिएर ५०८२ लागेको छ । यो संवत विक्रमादित्यको नामबाट शुरु भएको विक्रम सम्वत र ईशा मसिहको नाममा चलेको इश्वी सम्वत भन्दा जेठो सम्वत मानिन्छ ।

आयोजक समितिका अध्यक्ष प्रेम राईको सभापतित्वमा भएको कार्यक्रमअघि पथरी साकेला थानमा रहेको यलम्बरको मूर्तिमा माल्यार्पण तथा साकेला नृत्य प्रस्तुत भएको थियो । नयाँ बर्षको अवसरमा यायोक्खा पथरीशनिश्चरेले सेल रोटी, तरुल, चिया पानी वितरण गरेको थियो ।

सोही अवसरमा अक्षयकोष स्थापना गर्ने अभिप्रायले चार सयलाई साधारण सदस्यता वितरण भएको सचिव निर्मला राईले बताइन् । सदस्यबाट संकलित रकम अक्षकोष स्थापना कार्यक्रमहरु सञ्चालन गरिने अध्यक्ष प्रेम राईले बताए ।

## भूकम्प प्रतिरोधी संरचना निर्माणमा जोड

**चन्द्रगढी, माघ २।** 'भूकम्पीय सचेतना, सुरक्षित संरचना' भन्ने मूल नाराका साथ २४औं भूकम्प सुरक्षा दिवसको अवसरमा जिल्ला विपद् व्यवस्थापन समिति झापाको आयोजना तथा नेपाल रेडक्रस सोसाइटी झापा जिल्ला शाखाको संयोजनमा मनाइएको छ ।



नेपाल रेडक्रस सोसाइटी झापा जिल्ला शाखाको सभाहलमा सम्पन्न कार्यक्रम प्रमुख जिल्ला अधिकारी छवि रिजालको अध्यक्षतामा सम्पन्न भएको थियो । नेपाल रेडक्रस सोसाइटी झापा जिल्ला शाखाका सभापति लोकराज ढकालले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राखेका थिए । कार्यक्रममा सघन शहरी विकास आयोजना प्रमुख राजेन्द्र खतिवडाले आवास, संरचना निमाण गर्दा भूकम्प प्रतिरोधी निर्माण गर्नुपर्ने र उक्त कार्यका लागि सम्पूर्ण सरोकारवाला पक्षलाई अनुरोध गरे ।

कार्यक्रममा भद्रपुर नपाका नगर प्रमुख जीवनकुमार श्रेष्ठ, शिवसताक्षी नगर प्रमुख चन्द्रकुमार शेर्मा, नगर उपप्रमुख भोजकुमारी नेपाल, कनकाई नगर उपप्रमुख मेनुका काफ्ले, सुरक्षा निकायका प्रमुखहरु, राजनीतिक दलका प्रमुखहरु, संघ-संस्थाका प्रतिनिधिहरु, रेडक्रसकर्मीहरु लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रमको अवसरमा नेपाल रेडक्रस सोसाइटी झापा जिल्ला शाखाबाट मेची अञ्चल अस्पताललाई अक्सिजन कन्सन्टेटर १ थान, रेडक्रसका एम्बुलेन्सहरुलाई २० थान अक्सिजन सिलिन्डर, झापा गापा, शिवसताक्षी नपा, कनकाई नपा र गौरीगञ्ज गापाका १० वटा समुदायलाई विपद् प्रतिकार्यका लागि खोज तथा उद्धार सामग्री र कनकाई नगरपालिकाको स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्रका लागि आवश्यक सामग्री हस्तान्तरण गरिएको थियो ।

नेपाल रेडक्रस सोसाइटी झापा जिल्ला शाखाका मन्त्री चन्द्र चुडालले सञ्चालन गरेको कार्यक्रममा भद्रपुर नगरपालिका प्रमुख श्रेष्ठ, शिवसताक्षी नगरपालिका प्रमुख शेर्मा, राजनीतिक दलकातर्फबाट नरेश सञ्जेल र प्रजिअ छवि रिजाल लगायतले आफ्नो धारणा राख्दै संरचना आचारसंहितालाई सबैले पालना गर्नुपर्ने कुरामा जोड दिएका थिए ।

## योगबाट स्वास्थ्यमा सकारात्मक प्रभाव

**चारपाने, माघ २।** सातौं योग दिवस देशका विभिन्न स्थानमा मनाइएको छ ।

योगले मानव स्वास्थ्यमा पार्ने सकारात्मक प्रभावका बारेमा चर्चा गर्दै झापाको बिर्तामोड-२, चारपानेस्थित विवेका आश्रममा पनि योग दिवस मनाइएको छ ।

पातञ्जल योग बिर्तामोड नगर समिति र साङ्गवेद संस्कृत माविको संयुक्त आयोजनामा योग दिवस मनाइएको हो । पातञ्जल योग बिर्तामोड नगर समितिका अध्यक्ष चन्द्रकान्त ढकालको अध्यक्षतामा आयोजित कार्यक्रममा बिर्तामोड नगरपालिका वडा नं. २का वडाध्यक्ष नगेन्द्रप्रसाद संग्रौलाको प्रमुख आतिथ्यमा रहेको थियो ।

योग दिवस कार्यक्रममा योग सम्वन्धी चर्चा गरिएको थियो । पातञ्जल योग समिति प्रदेश १की सदस्य उर्मिला पोखरेलले विद्यार्थी र उपस्थित व्यक्तिहरुलाई प्रतिकात्मक योग सिकाएकी थिइन् । भगवान शिवले शुरु गरेको योग अन्तर्गत पञ्चकोषका बारेमा ढकालले जानकारी गराएकी थिइन् ।



कार्यक्रममा प्रमुख अतिथि संग्रौला, पातञ्जल योग समितिका प्रदेश १ अध्यक्ष केशव ताम्राकार, साङ्गवेद मा.वि.का अध्यक्ष पण्डित छन्दुराम भण्डारी, प्राचार्य दामोदर न्यौपाने, पातञ्जल झापा जिल्ला समिति अध्यक्ष श्याम ल्वागुन, मेचीनगर अध्यक्ष टेकेन्द्र ढकाल, चारपानेका समाजसेवी डिल्लीराम सिटौलालगायतले योगका विषयमा आफ्नो धारणा राखेका थिए । कार्यक्रमको सञ्चालन पातञ्जल योग समिति बिर्तामोड नगर सचिव भरत भट्टराईले गरेका थिए ।

### धनीपुर्जा ...

सीमा पिलर नजिकै १५ कठ्ठा जमिन छ । उनको पनि आधा जमिन भारतले लगिसकेको छ । उनको खेतमा ११२/११ नम्बर सीमा पिलर गाडिएको छ । धनीपुर्जामा जमिन देखाउँदै मुनालालले भने- 'पहिला दशगजा यहाँदेखि ३ देखि ४ सय मिटर पर थियो, अहिले खेत नै दशगजामा पऱ्यो ।'

'आफ्नै जमिनमा जोतभोग नगर्न एसएसबीले रोक लगाउन खोज्दै छन्, बाँसको भाटा गाडेर गएको छ'- उनले भने- 'पिलर गाडिसकेकोले यहाँका जनप्रतिनिधि र सुरक्षाकर्मी कसैले पनि हाम्रो पक्षमा बोल्न चाहँदैनन् ।'

'जनप्रतिनिधिहरूलाई पनि पटक-पटक बोलाएर देखायौं, उनीहरू हेरेर जान्छन्, भन्छन्- यो त राज्यले सम्बोधन गर्नुपर्ने हो'- उनले थपे । पिलर गाडेको विषयमा जिज्ञासा राख्दा उनले भने- 'खेत यहाँ छ, घर टाढा पर्छ, सेतो गाडी आएर कति खेर पिलर गाडेर गएको थाहा पनि पाएनौं, थाहा पाउँदा त बिरोध गर्थ्यौं ।'

त्यस्तै हरिलाल यादवको १ विगाह ८ कठ्ठा, श्यामबतीदेवी यादवको २ कठ्ठा जमिन पनि भारतले कब्जामा लिइसकेको छ । ती जमिनको पनि नेपाली धनी पुर्जा रहेको श्यामवतीका छोरा ओम यादवले बताए । 'आमाको नाममा रहेको दुई कठ्ठा जमिन नै भारतमा परिसकेको छ'- उनले भने- 'जोतभोग गर्न पनि एसएसबीले दिँदैन, अब यो जमिन कसरी फिर्ता पाउने हो ?'

**गुगल नक्सामा देखाउँदैन भारतले कब्जामा लिएको जमिन**

भारतले नेपाली भूमि कब्जा गरेको नेपाल भारतको अन्तर्राष्ट्रिय सीमा गुगल नक्सामा देखिँदैन । ११२/७ देखि ११२/१४ सम्मको सीमा पिलरको रेखाकंन मात्र गुगल नक्सामा देखिन्छ ।

पछि गाडिएको ११२/८ देखि १२२/१३ सम्मको पिलर अन्तर्राष्ट्रिय सीमा देखाउने गुगल नक्सामा खोज्दा पनि भेटिएन । गुगल नक्सामा नदेखिएको जमिन नेपाली भूमि हो । त्यो गुगल नक्सामा पनि प्रष्ट देखिन्छ । स्थलगत रिपोर्टिङमा पुगेका पूर्वाञ्चलकर्मीले आफ्नो मोबाइल फोनबाट गुगल नक्सा सर्च गर्दा त्यसमा भारतले कब्जा लिएको जमिन भन्दा निक्कै पर अन्तर्राष्ट्रिय सीमा देखाएको छ । गुगल रेखाङ्कनमा अन्तर्राष्ट्रिय सीमा पुरानो दशगजा क्षेत्र नै देखाउँदैछ । त्यो बाटो हो । त्यहाँ कुनै खेती लगाइएको छैन । 'गुगल नक्सामा नदेखाएको जमिन कसरी भारतीय भूमि भयो ? भारतमा परेको हो भने नक्सामा किन नेपाली भूमि नै हो भनी देखाउँदैछ'- स्थानीय रत्नकुमार बुढाथोकीले भने । 'पाठामारीमा सीमा विवाद देखिएकोले माथिल्लो निकायबाट तुरुन्त यसको स्थलगत अनुगमन र निरीक्षण हुनुपर्छ'- उनले भने । यता स्थानीय प्रशासन जिल्लामा सीमा विवाद नरहेको र थप विषयमा बोल्न नै चाहँदैन ।

### कांग्रेसले ...

श्रीमती सविनालाई उनका माइतीले १५ धुर जग्गा दाइजो दिएका थिए । त्यही जग्गामा मनकुमारको २ कोठा र शौचालय सहितको घर निर्माण हुनेछ । स्थानीय सरकारले चासो नदेखाएपछि आफूहरु जुटेको निर्माण समितिका मंगलसिंह सम्बाहाम्फेले बताए । उनले भने- 'राजनीतिक रुपमा राई परिवार कुन पार्टीका हुन् भन्ने कुरालाई हामीले महत्व दिएनौं । गाँस, बास र कपासको आधारभूत आवश्यकता पनि नपाएका राई परिवारले अब पक्की घर दुई महिना भित्रमा पाउने छन् ।'

राई दम्पत्तिको १ छोरी र २ छोरा छन् । स्थानीय भानु माध्यमिक विद्यालयमा अध्ययनरत् उनीहरु विद्यालयकै जेहेन्दार छात्र छात्राका रुपमा कहलिएका छन् । राईले भने- 'छोरा छोरीले चाहे जस्तो गरेर उनीहरुको शिक्षामा खर्च गर्न सकिनँ । तर, पनि रिजल्ट गतिलै ल्याउँदा खुसी लाग्छ ।'

शिलान्यास कार्यक्रममा नेपाली कांग्रेसका शिवसताक्षी नगर सभापति अशोक बस्नेत र घर निर्माण समितिका संयोजक फेउदिनले सबै राजनीतिक दल, भाषा, धर्म, भूगोल, जात र लिङ्गलाई समान दृष्टिकोणले हेर्ने एउटै मात्र राजनीतिक दल नेपाली कांग्रेस भएको बताए । उनीहरुले नेपाली कांग्रेसका हरेक अभियानमा समाहित हुन पनि सर्वसाधारणलाई आग्रह गरे ।

### झापाबाटै ...

शुरुमा परीक्षण कार्यकालका लागि थोरै संख्यामा अनलाइन फारम लिएर कार्यालयभित्रै फोटो खिचाउने काम गरेको बताउँदै उनले भने- 'जनवरी १ तारिखदेखि १२ तारिखसम्म फारम बुझाएको १६८ वटा विद्युतीय राहदानी आएको हो, राहदानी आएपछि आजैबाट वितरण शुरु गरेका हौं ।'

'पहिला राहदानीको फारम भरी राहदानी विभागमा पठाउँदा एकदेखि डेढ महिनासम्म लाग्थ्यो, विद्युतीय राहदानी जारी भएपछि १५ दिनभित्रै आउने गरेकोले सेवाग्राहीलाई थप सहज भएको छ'- उनले भने । विद्युतीय राहदानीका लागि सेवाग्राहीले अनलाइनमार्फत घरबाटै भर्न पाउँछन् । पहिलाको राहदानीमा फोटो प्रष्ट नआउने समस्या थियो । विद्युतीय राहदानीमा फोटो प्रष्ट आउनुका साथै व्यक्तिगत विवरणको चिप पनि राहदानीभित्र लगाइएको छ ।

'फारम भरेपछि फारममै कहिले कार्यालय गएर फोटो खिचाउने र राजश्व तिर्नुपर्छ भनी मिति उल्लेख हुन्छ र मोबाइलमा पनि एसएमएस पनि आउँछ'- राहदानी शाखाका अधिकृत रामहरि खतिवडाले भने- 'विद्युतीय राहदानीले धेरै सहज भएको छ, यसले पेपर लेस गराउनुका साथै कार्यालयबाहिर गएर फोटो खिचाउने झञ्झटको पनि अन्त्य गरेको छ ।' अहिले दिनमा ४० देखि ५० जनासम्मको फोटो खिचाउने काम भइरहेको छ । फेब्रुअरीदेखि दैनिक ७० भन्दाबढीको फोटो खिचाउने लक्ष्य राखिएको उनले बताए । वार्षिक राहदानी लिनेको संख्या जिल्लामा बढ्दो रहेको उनको भनाइ छ ।


**बिमालेख हरायो**

बिर्तामोडबाट भद्रपुर जाने क्रममा यही मिति २०७८/०८/२५ गते मेरो निम्न व्यहोराको गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम**:- कुमार निरौला
**ठेगाना**:- भक्तपुर-३, काठमाडौं
**बिमालेख नं.**:- ०२३००१५०७८
**कम्पनी नाम**: गुराँस लाइफ इन्स्योरेन्स क.
**सम्पर्क**: ९८५१०७८०४१

**बिमालेख हरायो**

बिर्तामोडबाट भद्रपुर जाने क्रममा यही मिति २०७८/०८/२५ गते मेरो निम्न व्यहोराको गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम**:- नवीना राई
**ठेगाना**:- भद्रपुर-६, झापा
**बिमालेख नं.**:- ०२३००१४५७८
**कम्पनी नाम**: गुराँस लाइफ इन्स्योरेन्स क.
**सम्पर्क**: ९८१७९०६३३६

**भद्रपुरमा वितरक आवश्यकता**

यस पूर्वाञ्चल दैनिक पत्रिका वितरणका लागि चन्द्रगढी क्षेत्रमा एक जना वितरण चाहिएको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला । साइकल हुने व्यक्तिलाई मात्र प्राथमिकता दिइने छ । तलब नियमानुसार हुनेछ ।
**सम्पर्क : ९८४२६२६३०९, ०२३-५३००४४**

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

**जाडोबाट बच्न निम्न उपायहरु अबलम्बन गरौं ।**

- तातो झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मालिस गरौं,
- शारीरिक व्यायाम गरौं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूमपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

**नेपाल सरकार विज्ञापन बोर्ड**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

## स्यावासी पाउने काम

**उद्‌भट् विद्वान योगी नरहरिनाथको सालिक स्थापना गरेर कन्काई नगरपालिकास्थित कनकाईधाम धार्मिक विकास संस्था कोटीहोमले योगीराजप्रति कृतज्ञता प्रकट गरेको छ । आफ्नो इतिहासप्रति गौरव गर्न नसक्ने, आफ्नो संस्कृति र मौलिकताप्रति श्रद्धानत नहुने मानिस–मानिस पनि हुँदैन । कन्काई नदीको किनारमा विकसित कोटीहोम धाम परिसर आज झापाको प्रमुख धार्मिक गन्तव्य बनेको छ, जसको श्रेय उनै आबाल ब्रह्मचारी योगी नरहरिनाथलाई छ । घर–घरमा भिक्षा मागेर जीवन निर्वाह गर्नुपर्ने योगीजी आजीवन नेपालको मौलिक इतिहास, मौलिक संस्कृति र पूर्वीय दर्शनको संरक्षण, उन्ननयन र प्रचारमा लाग्नुभयो । त्यसक्रममा पैदल हिँडेर देशका कुना–कुनासम्म पुगेर राष्ट्र, राष्ट्रियता, मानव समाज र वैदिक सनातनी संस्कृतिको सम्वर्द्धनमा लागीरहनु भयो । वेद, वेदान्त, इतिहास, पुरातत्व, पुराणका ज्ञाता, प्रकाण्ड विद्वान, आजीवन अन्वेषक र आशु कवित्व जस्ता गुण भएका अद्वितीय प्रतिभा योगीराजलाई स्थापित गरेर धाम परिसर समेत धन्य भएको छ ।**

**सुदूरपश्चिम कर्णाली अञ्चलको कालीकोट जिल्लामा वि.सं. १९७१ साल फागुनमा जन्मिनुभई भूगोलको विकटता चिर्दै उहाँले भारतका विभिन्न विश्वविद्यालयहरुबाट पूर्वीय दर्शनका विविध विधामा दीक्षा ग्रहण गर्नुभयो । अध्ययनकै क्रममा रहँदा गौहत्या निषेध आन्दोलन र भारत स्वतन्त्रता संग्राममा सामेल हुनु भई त्यहाँका विभिन्न कारागारमा थुनिनुभएका योगीराज स्वतन्त्रतापछि उतै बस्ने भारत सरकारको आग्रह अस्वीकार गर्दै स्वेदश फिर्नु भयो । त्यसलगत्तै नेपालको भ्रमण शुरु गर्नुभयो । भौगोलिक विकटता, यातायातका साधनको अनुपलब्धता र औलोको महामारीकाबीच पनि देशदर्शनको अभियानलाई अविराम अघि बढाउनुभएका उहाँलाई इतिहासका विद्वान हिममानव पनि भन्ने गरिएको छ । यसरी राष्ट्र, राष्ट्रियता, मानव कल्याण र विश्वबन्धुत्वको गायन गरेर आफ्नो सम्पूर्ण जीवन त्यसमै खर्च गर्नुभएका योगीराजलाई राष्ट्र र नेपाल समाजले बिर्सिंदै गएका बेला स्थानीय कनकाई नगरपालिका, त्यसक्षेत्रका सांसद र धाम विकास संस्थाले उहाँको योगदानको सम्मान गरेको छ ।**

**हुन त योगी भनेका जीवात्मालाई आत्मासँग र आत्मालाई परमात्मासँग जोड्ने माध्यम र मध्यस्थकर्ता हो । तर, योगीजी त्यसभन्दा पनि माथि पूरातत्व, इतिहास, आयुर्वेद र पूर्वी वाङ्मयको विश्वविद्यालय हुनुभयो । उहाँको अद्वितीय क्षमतालाई नेपाल, नेपाली समाज र नेपालीले त्यति चिनेन, तर भारतका विद्वान, साधुसन्त, राजनेताहरु भने उहाँसँगको विद्वताबाट कायल थिए । तत्कालीन पञ्चायती शासकबाट अराष्ट्रिय तत्वको आरोप लगाइएर पटक–पटक जेल जीवन बिताउनुभएका योगीराज कति पनि विचलित नभई लक्ष्यअनुरुप हिँडिरहनु भयो । राष्ट्रिय स्वाधीनताका विषयमा अत्यन्त सजग उहाँले एकसय उनन्तीस वटा कोटीहोमको आयोजना गर्नुभयो । त्यहीक्रममा कन्काईको किनारमा उहाँको प्रेरणाबाट शुरु भएको कोटीहोमले पूर्वी नेपालकै गौरव बढाएको छ । सयौं पुस्तकका लेखक, आध्यात्मिक संघ–संस्थाका संस्थापक तथा अथक यात्री योगी महाराजको नवनिर्मित सालिकले उहाँको योगदानलाई सदा जीवित राख्नेछ । कृतज्ञता व्यक्त गर्ने धाम समिति र योगदान गर्ने सबै धन्यवादका पात्र भएका छन् । यसले नयाँपुस्तालाई पनि इतिहास र संस्कृतिप्रति गौरव गर्न प्रेरणा प्रदान गर्नेछ ।**

# हरेक क्षेत्रमा राजनीतिकरण शक्तिमोहको पटाक्षेप



तीर्थराज खरेल

समाज मानवीय सम्बन्धहरूको त्यो सङ्गठन हो, जुन मानवद्वारा निर्मित, सञ्चालित तथा सदा परिवर्तित गर्न सकिने हुन्छ। हाम्रो देश नेपालको विद्यमान समस्या हरेक कुरामा राजनीतिकरण अनि त्यसमा मिसिएको अपराधीकरण हो। राजनीतिको अपराधीकरण र अपराधको राजनीतिकरणको चंगुलमा हाम्रो मुलुक फँसेको छ। हाम्रो लक्ष्य के हो भन्नेमा स्पष्ट हुन बाधा उत्पन्न के ले गरिरहेको छ भनेर सोच्ने हो भने राजनीति नै मुख्य कारकको रूपमा देखा पर्दछ। शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्रमा राजनीति नै व्याप्त छ। हाम्रो शिक्षा क्षेत्र सबैभन्दा बढी राजनीतिकरणको चपेटामा परेको छ। वास्तवमा बौद्धिक विकास भनेको शिक्षा मात्र होइन, मानवता सद्भाव र मन-मष्तिस्कको विकास पनि हो। हामी कता जाँदैछौं भन्ने आजको सबभन्दा मननीय प्रश्न हो। आज सबै वर्गसँग एकखाले भोक, तृष्णा, प्यास र शक्तिमोहले संकट चुलिँदैछ।

आज हामी २१औं शताब्दीमा हाम्रो समाजको अवस्थालाई सहजरूपमा चित्रण गर्न सकिरहेका छैनौं। हामी हाम्रो समाज, संस्कृति, चिन्तन र व्यवहारमा भएको असमाञ्जस्यताबीच बाँचिरहेका छौं। अझै भनौं, समाजमा एक आपसको विरोधी वर्गका बीच द्वन्द्वात्मक अवस्थाबाट गुज्रिरहेका छौं। दिनहुँ पारिवारिक हिंसा र हत्याका घटनाले आफ्नो र पराइ छुट्टाउन नसकिने अवस्था सिर्जना भएको छ। अहिले मानवता हराएको आभास हुन थालेको छ। हाम्रो समाज हरेक विषयको नकारात्मक मानसिकताले विकृत बन्दै गइरहेको छ। राजनीति सबै नीतिहरूको मूल नीति हो। यसले समाज र मुलुकका सबै क्षेत्रलाई मार्गनिर्देशन गर्दछ। तर, राजनीतिका नाममा समकालीन नेपालमा हरेक क्षेत्र विकृत बन्दै गएको छ।

आफूभन्दा ज्येष्ठ र वरिष्ठलाई सम्मान गर्न र आफूभन्दा सानालाई माया र स्नेह गर्न हामीलाई राजनीतिले अप्ठेरो बनाइरहेको छ। हामी समाजलाई सभ्य बनाउन चाहन्छौं। २०७८ सालमा नेपालमा नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, राष्ट्रिय प्रजातन्त्र पार्टी लगायतका दलका सम्मेलन तथा महाधिवेशन सम्पन्न भएका छन्। पूर्णकालीन कार्यकर्ताहरूले विभिन्न पदमा निर्वाचित हुन र मनोनित हुन कोशिस गर्नु स्वाभाविक हो। लामो समयदेखि उनीहरू राजनीतिलाई मुख्य पेसा बनाएर क्रियाशील भएका हुन्छन्। पार्टीमा उनीहरूले सहभागिता खोज्नुलाई अन्यथा मान्न सकिँदैन। तर शिक्षण, पत्रकारिता र सरकारी कर्मचारीका रूपमा रहेका पार्टीका समर्थक र शुभेच्छुक पनि राजनीतिको मैदानमा प्रतिष्पर्धामा उत्रिनुलाई कसरी लिने भन्ने अहम् सबाल खडा भएको छ। यस्तो आभास हुन्छ- राजनीति यस्तो रङ्गमञ्च हो, जहाँ ननाचिकन कोही पनि अघि बढ्न सक्दैन। यस्तो लाग्न थालेको छ- पत्रकारिता गरेको राजनीतिको सिँढीमा चढ्नका लागि हो, शिक्षक/प्राध्यापक भएर लामो समय शिक्षण/प्राध्यापन



गरेको राजनीतिमा स्थान बनाउनका लागि हो। यी केही दृष्टान्तहरू हुन्।

समाजका हरेक क्षेत्रका नायकहरू आफ्ना क्षेत्रका अब्बल नेताहरू हुन्। तर, हामीलाई त्यस्तो लाग्दैन। नायक हुन, लोकप्रिय हुन र समाज/राष्ट्रका लागि केही योगदान गर्न राजनीतिमा लागेकै हुनुपर्ने परिस्थिति हामी निर्माण गरिरहेका छौं। आज नेपालमा चिकित्सक बनेर, इञ्जिनियर बनेर, चलचित्रकर्मी बनेर सबैको प्रिय बन्न सकिँदैन भन्ने भाव विकास हुन थालेको छ। राजनीति असल हुनुपर्ने हो, तर राजनीतिकै कारण मानिसहरू आ-आफ्नो व्यक्तिगत स्वार्थ, झगडा, लोभ, क्रोध, असहिष्णुता, साम्प्रदायिकता, भाषागत विभेद, वर्ग विभेद जस्ता साँगुरो सोचबाट गुज्रिरहेका छन्। यस्तो सोचबाट ग्रसित हाम्रो समाजलाई सकारात्मक रूपान्तरण गर्नु आजको चुनौतिपूर्ण विषय हो। राजनीतिको भ्रष्टीकरण कै कारण जोसँग पैसा छ ऊसँग मात्र सब थोक छ, उसले मात्र आफ्ना आवश्यकताहरु पूरा गर्ने सामर्थ्य राख्छ भन्ने सोचको विकास भएको छ।

आज श्रमको अवमूल्यन भएको छ। परिश्रम गर्ने, उत्पादन गर्नेले भन्दा बिचौलियाले धेरै पैसा कमाउँछ। यो दलाल पुँजीले प्रश्रय पाउँदै गएको उदाहरण हो। हामी सुखको खोजीमा छौं, सहजता र सजिलोको खोजीमा छौं। सकारात्मक सोच, चिन्तन र धैर्यको अभाव हुँदै गएको आजको समाजमा सकारात्मक रूपान्तरणको खाँचो छ। विश्वको पनि त्यही हाल छ, जो नेपालको छ। आज नेपालमा व्यक्तिवादी चरित्र हावी भएको छ। समाजका सबै क्षेत्रमा युज एण्ड थ्रो अर्थात् 'चुस र फ्याँक' भोगवादी प्रवृत्ति निकै बढेको छ। पारिवारिक बिखण्डन बढेको छ। दया, प्रेम, क्षमा, सेवा जस्ता भावनामा ठूलो ह्रास आएको छ। राज्य सञ्चालनको जिम्मेवार निकायको भूमिका प्रभावकारी छैन। सर्वव्यापी मूल्य र सिद्धान्तबाट निर्देशित हुनुपर्नेमा हाम्रो समाजमा आपसी सम्बन्धमा दरार पैदा गर्ने घटना बढिरहेका छन्।

हामी यावत घटनाको साक्षी छौं, कतिबेला त हामी आफै पीडक र पीडितको भूमिकामा आफैंलाई पाउँछौं। कस्तो विडम्बना ! छिट्टै धन आर्जन गर्न र उपलब्ध सुखसुविधा भोग गर्न हामी राजनीतिलाई भऱ्याङ बनाइरहेका छौं। यसरी समाजका भित्री तहसम्म पुगेर राजनीतिले नकारात्मकताको विकास गरिरहेको छ। फलस्वरूप समाज दिनानुदिन स्वार्थी बन्दै गइरहेको छ। समाजमा परोपकारी भावना लोप हुन थालेको छ। राजनीति पनि निस्वार्थ सेवाको क्षेत्र नभएर व्यापारिक क्षेत्र बन्न पुगेको छ। सकारात्मक सोच, विचार र ऊर्जामा शक्ति हुन्छ। तसर्थ समाजमा बौद्धिक विकासको आवश्यकता छ। बौद्धिक विकास भनेको मानिसले सहज जीवनयापनका लागि गरेको अन्तरक्रियात्मक चिन्तन नै हो।

हाम्रो देशका विद्यालय, महाविद्यालय, विश्वविद्यालय, आर्थिक प्रतिष्ठान र राज्यका अन्य राजकीय, संवैधानिक, न्यायिक लगायतका निकायमा राजनीति यति हावी छ कि नेताको गुलामी बिना कसैले कुनै नियुक्ति पाउनु भनेको अक्करमा फलेको फल टिप्नु जस्तै हो। राज्यसत्ता राजनीतिक दल वा शक्तिसित सम्बन्धित कुरा हो। तर, राज्यलाई स्थिर राख्न गरिनुपर्ने थुप्रै प्राविधिक तथा व्यावसायिक क्षेत्र र गैरराजनीतिक तवरले चलाइनुपर्ने पदहरूमा समेत राजनीतिक भागबन्डाको आधारमा नियुक्तिको कुप्रथा देशमा भित्रिएको छ। सबै कुरामा राजनीतिक भागबन्डा मिलाउन खोजेर हुँदैन। कुनै व्यक्ति विपक्षी दलकै भए पनि वा कुनै दलप्रति कुनै आस्था नभएको भए पनि मुलुकमा ठूलो योगदान पुऱ्याउन सक्ने किसिमको क्षमतावान रहेछ भने उसलाई हटाएर आफ्नो दलको भन्ने नाममा अक्षम व्यक्ति नियुक्त गर्नु देश विकास र स्थिरताका निम्ति सबभन्दा ठूलो बाधक बन्नु हो।

हाम्रो देशमा व्यावसायिकता, पारदर्शिता र जवाफदेहितालाई छोपेर हरेक कुरालाई राजनीतिकरण गरेर मुलुकलाई कहिल्यै निकास नपाउने भद्रगोलमा फँसाउने प्रवृत्ति बढिरहेको छ। राजनीतिज्ञहरू यति अपरिपक्व छन् कि हरेक विषय र पदलाई राजनीतिक आँखाले हेर्छन्। सम्बन्धित विषयको ज्ञानमा निपुण व्यक्ति राजनीतिक रूपले विपक्षमा मतदान गर्ने भए पनि विकासका निम्ति आवश्यक हुन्छ।

जिम्मा दिइएको काममा बेइमानी गरेमा हटाइनु स्वभाविकै हो, तर सत्तामा सामान्य परिवर्तन हुनासाथ व्यावसायिकतामा नै आँच पुग्ने गरी बर्खास्त गरिहाल्नु राम्रो होइन। विशेषज्ञताका आधारमा नभई दलगत वा गुटगत भागबन्डाका आधारमा चल्ने हो भने लोकतन्त्रको विश्वसनीयता पनि गुम्छ र जनतामा पनि अविश्वास समेत सिर्जना हुन जान्छ। आज राजनीति जुवाको खालमा फुत्किएको साँढे जस्तो भएको छ भने समुन्नतिको सपना हरेक क्षेत्रमा चलेको चरम राजनीतीकरण, भ्रष्टीकरण र बढ्दो बेइमानीले सिर्जेको निराशाको कालो बादलभित्र हराएको चराको अवस्था जस्तो भएको छ। तसर्थ, हरेक क्षेत्रमा हुने राजनीतिकरण बन्द हुनुपर्छ र सबैले हरेक वस्तु, प्रक्रिया र घटनालाई आलोचनात्मक नजरले हेर्न सक्नुपर्छ, तब मात्र रातलाई रात र दिनलाई दिन भन्न सकिन्छ।

*tirthakharel2028@gmail.com*

# श्री स्वस्थानी व्रत प्रारम्भ



सनातनकालदेखि धार्मिक रूपले अति महत्वपूर्ण मानिने श्री स्वस्थानी व्रत आज शुरु हुँदैछ। आजदेखि माघ महात्मेअन्तर्गत 'श्री स्वस्थानी व्रतकथा'को व्रतारम्भ हुन्छ। स्वस्थानी व्रत र कथा पौष शुक्ल पूर्णिमाका दिनबाट शुरु हुन्छ। हिन्दू धर्मालम्बीहरुले चोखो रही घर-घरमा श्री स्वस्थानी कथा वाचन गर्छन्। एक महिनाभर व्रत कथाका ३१ अध्यायहरु पाठ गरिन्छन्। यो क्रम एक महिनाभर निरन्तर रहन्छ।

माघ शुक्ल पूर्णिमाका दिन व्रत र कथा समापन हुन्छ। महिला-पुरुष दुबैले समान रूपमा यो स्वस्थानी कथा श्रवण गर्छन्। श्री स्वस्थानी माताप्रति आस्था राख्नेहरुले महिनाभरि व्रत लिन्छन्। यसरी व्रत लिँदा एकछाक चोखो गरेर खाने र अर्को छाक कन्दमूल या फलफूल सेवन गर्ने प्रचलन छ। स्वस्थानी व्रत र कथा प्रारम्भ भएपछि कतिपय परिवारमा माछा-मासु घरभित्र प्रवेश गराउँदैनन्। उनीहरु पूर्ण शाकाहारी हुन्छन्।

श्री स्वस्थानी माताका प्रभावले यो विशेष महिनामा सबैको कल्याण होस् भन्ने कामना गरिन्छ। 'यं व्रह्मा वरूणेरूद्रमरूत' मन्त्रबाट स्वस्थानी कथा प्रारम्भ हुन्छ। अन्तिममा 'उपनयतु मंगलम्' मन्त्रका साथै समापन हुन्छ। आउनुहोस् यसै हिन्दु संस्कार-संस्कृतिको स्वस्थानी व्रतकथाबारे थप कुरा उल्लेख गरौं। अष्टमातृका अर्थात् आठ वटा देवीको बीचमा रहनुभएकी यी स्वस्थानी माताको महिमा अपरम्पार रहेको जनविश्वास छ। शुद्ध चित्त अनि सफा संकल्प लिएर भक्ति अनि श्रद्धाकासँग अर्चना गर्ने हरेक श्रद्धालु भक्तजनको मनोकांक्षा पूरा गर्ने देवी स्वस्थानीका चार वटा हात छन्। हातहरूमा चक्र, त्रिशूल, तरवार अनि कमलको फूल छन्।

वैदिक सनातन संस्कारलाई धर्मसित मात्र होइन कि सभ्यताक्रमसित जोडिनु जरुरी छ। सिन्धु नदीको तटमा भएको सभ्यता अनि शब्दकोषमा 'स' भन्ने शब्दको सहज उपलब्धता अनि सहज उच्चारण नभएकाले 'स' को साटो 'ह' शब्द प्रयोग गरेर सिन्धुको साटो हिन्दू भएको दस्तावेजहरूमा उल्लेख छन्।

यी अष्टमातृकाको नेपाली जनजीवनमा अत्यन्त धेरै महत्व छ। जस्तै कि हाम्रो दौरा सुरुवालमा भएको आठ वटा गाँठो यिनै अष्टमातृकाको प्रतिकका रूपमा लिइन्छ। आठ अङ्क शुभ अङ्कका रूपमा लिइने त हामी सबैलाई थाहै छ। वैदिक सनातन हिन्दू संस्कारमा धेरैजसो पुराणहरू एक पात्रले अर्का पात्रलाई सूत्रधारका रूपमा सुनाएका छन्। उदाहरणका लागि श्रीमद्भागवत गीतामा कृष्ण र अर्जुनबीचको संवाद छ। स्वस्थानी व्रतकथामा शिव भगवानका जेष्ठ सुपुत्र कुमारजी र अगस्त्यमुनी बीचको संवाद हो। स्वस्थानी अध्यायका ठाउँ-ठाउँमा उल्लेख छ- 'कुमारजी आज्ञा गर्नुहुन्छ, हे अगत्स्यमुनि....'

श्री स्वस्थानी कथा आराध्यदेव भगवान शिवको महिमा अनि दैविक क्रियाकलापका वरपर घुमेको छ। यो पुराणको कथा श्रृंखलाहरू पौष शुक्ल पूर्णिमाका दिन सुरु हुन्छ। हिन्दू परिवारहरूमा साँझ या बिहान चोखो निधो हुँदै ब्रत र पाठ गर्छन्। नङ-केस काट्दै शुद्धपनमा परिवारका सबै सदस्यहरू एकै ठाउँमा भेला हुँदै एकाग्रसहित कथा सुन्छन्। यसरी भक्तिपूर्ण रूपमा हरेक दिन एक वा एक भन्दा बढी कथाका अध्यायहरू सुनाउने चलन छ।

प्रसादका रूपमा चिनी, सख्खर, पोलेको सख्खर खण्ड, बदाम, सुन्तला रहन्छन्। बालबालिकाको विशेष रुचि भने प्रसादमा हुन्छ। हामीमध्ये धेरैले सानो छँदा यो कथा सुन्दा, पढेर सुनाउँदा र पढ्दाका अनुभवहरू लिएकै हुन्छौं। सहरमा यो कथा वाचन हुँदै गए पनि गाउँघरमा अझै निकै प्रचलित छ। स्वस्थानी कथाको अनुभव छैन भने यो महिना यहाँका लागि फलदायी हुन सक्छ, कथा पढ्नु।

स्वस्थानी व्रतालुहरू काठमाडौंको साखुँस्थित शालीनदीमा तीर्थस्थान गर्न जाने गर्छन्। यो क्रम महिनाभर चलिरहन्छन्। महिना दिनभरि शालीनदीमा व्यापक घुइँचो लाग्ने गर्छ। यो वर्ष कोरोना त्रासका कारणले तीर्थाटन र भीडभाडमा रोक लागेको छ। यो शालीनदी तीर्थस्थान श्रद्धालुको भीड कम हुन सक्छ। माघको मध्य जाडो महिनामा पनि पर्वतीय तटको चिसो नदीको पानीमा श्रद्धा अनि विश्वासका साथ डुबुल्की मारिरहेको दृश्यले साहस अनि विश्वास देख्दा देवी स्वस्थानीको शक्ति छर्लङ्ग महशुस हुन्छ।

सतीदेवी दक्ष प्रजापतिकी छोरी हुन्। दक्ष प्रजापति यज्ञ चलिरहँदा अन्य देवगण अघिल्तिर सतिदेवीकी पति आराध्यदेव भगवान महादेवको अपमान गर्छन। आफ्नो पति महादेवको अपमान सहन गर्न नसकी आवेगमा सतीदेवीले अग्निकुण्डमा हाम फालेर देहत्याग गर्छिन्। सतीदेवीको जल्दै गरेको लास बोकी महादेवले भावविह्वल हुँदै देश-देशान्तर परिक्रमामा गर्छन्। यसरी परिक्रमा गर्दा सतीदेवीका शरीरका अङ्गहरू क्रमैसँग धर्तीमा पतन हुँदै जान्छन्। उनको शरीरका अंगहरू पतन भएका ठाउँमा एक शक्ति पीठ कायम भएको विश्वास गरिन्छ। सतीदेवीका अंगहरू पतन भएका ठाउँहरू पछि शक्तिपीठका रूपमा चिनिन्छन्।

सतीदेवीको शरीरको अन्तिम अंश झरेर गुहेश्वरी शक्तिपीठ बनेको विश्वास गरिन्छ। त्यस्तै उनको कपाल झरेकाले धनुषा जिल्लाको छिरेश्वर पीठ उत्पन्न भएको मानिन्छन्। जम्मु कश्मीरको त्रिसन्देश्वर पीठमा सतीदेवीको घाँटी झरेको र यस्तै श्रीलङ्का अनि बंगलादेशमा धेरै शक्तिपीठहरू अझै छन्। दैलेख जिल्लाको नाभि खोलाको तीरमा सतीदेवीको नाभि पतन भएको विश्वास गरिन्छ। त्यो ठाउँमा परापूर्वकालदेखि ज्वाला बलिरहेको मन्दिर छ, जसलाई ज्वालास्थान भनिन्छ।

हिमालय पुत्री पार्वतीले शिवको वर पाउँ भनी श्री स्वस्थानी माताको व्रत बसेकाले शिव भगवानसँग विवाह भएको उल्लेखित छन्। गोमा ब्राह्मणीको वृद्ध ब्राह्मणसँगको विवाह प्रसङ्गलाई लिएर धेरैले स्वस्थानी व्रतकथालाई सामाजिक मुद्दामा जोड्दै नारी समानताका सवालसहित व्याख्या गर्छन्। तर, सनातन कथाको धारलाई समातेर धर्म अनि सभ्यताको गलत अर्थ लगाउनु उचित नहोला।

गोमा ब्राह्मणीको कथाले प्राचीन समयमा पनि बालविवाहका नराम्रा असरहरू प्रस्तुत गर्दै बालविवाहबारे जनचेतना फैलाइनुपर्छ। यौन अनि प्रजनन् स्वास्थ्यबारे पनि खुलेर उदाहरणसहित व्याख्या गरेको यो व्रतकथाले गणेशको शीरभेदन, संसारको श्रृष्टी अनि शिव-पार्वती सम्बन्धका विषयमार्फत् धेरै ठाउँमा नारी-पुरुषबीचको लैगिक समातनाको वकालत पनि गरेको छ।

स्वस्थानी व्रत समापनका अवसरमा नेपालका धेरै ठाउँमा मेला लाग्छ। व्रतालुले घरमा विशेष पूजा अर्चना गरिँदै रातभरि जाग्राम बस्ने चलन पनि छ। किशोर-किशोरीको उपस्थिति धेरै रहने यस्ता जाग्राममा भजन-किर्तन गाउने, नृत्य देखाउने र अन्य रमाइला सामाजिक क्रियाकलापहरू पनि हुन्छ। हिउँदमा पूजा गरिएका नदी किनारहरूले वर्षामा सबैको रक्षा गरुन्। लैगिंक समानताका लहरहरू समाजमा साकार रूपमा फैलिउन्, माता स्वस्थानी लगायत अष्टमातृका सबैको हामीप्रति असिम अनुकम्पा रहोस्।

# सकुशल ट्रेडलिङ्क बिर्तामोडद्वारा उपहार सार्वजनिक




□ **होमप्रकाश अधिकारी**

**बिर्तामोड, माघ २।** महेन्द्रा कम्पनीको ट्याक्टर किन्दा लक्की-ड्रमा ताप्लेजुङका एक व्यक्तिले जेनेरेटर उपहार पाएका छन् ।

महेन्द्रा एण्ड महेन्द्रा कम्पनीको आधिकारीक बिक्रेता सकुशल ट्रेडलिङ्क प्रालि बिर्तामोडले सार्वजानिक गरेको लक्की-ड्र उपहारमा तप्लेजुङका किरण मैनालीले जेनेरेटर उपहार पाएका हुन् ।

कम्पनीले सन् २०२१ को सेप्टेम्बर महिनादेखि नोबेम्बर महिनासम्म सञ्चालन गरेको विशेष अभियानमा ट्याक्टर खरिद गर्नेहरुले प्राप्त गरेका कुपनहरुको बिर्तामोडमा लक्की-ड्र गरिएको थियो ।

सो अवधिमा झापासहित इलाम, पाँचथर, ताप्लेजुङ लगायतका स्थानबाट कृषकहरुले सकुशल ट्रेडलिङ्क प्रालि बिर्तामोडबाट ४० भन्दा बढी ट्याक्टरहरु खरिद गरेको सेल्स मेनेजर विनयराज पौडेलले जानकारी दिए ।

सकुशल ट्रेडलिङ्क प्रालि बिर्तामोडले विशेष कार्यक्रमको आयोजना गर्दै लक्की-ड्र सार्वजानिक गरेको हो । सकुशल ट्रेडलिङ्क प्रा.लि. बिर्तामोडका मेनेजिङ डाइरेक्टर सञ्चालक टुकेन्द्रराज अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा बिर्तामोड उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष राजु न्यौपानेको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा पूर्व सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक खडानन्द चौधरी, एनसीसी बैंकका शाखा प्रबन्धक रोशन कार्की लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रमका प्रमुख अतिथि न्यौपानेले कुपन तानेर लक्की-ड्र सार्वजानी गरेका थिए । पाँच केभीएको जेनेरेटर उपहार स्वरुप प्रदान गरिएको सकुशल ट्रेडलिङ्क प्रालि बिर्तामोडले जनाएको छ ।

ट्रेडलिङ्कले महेन्द्राका ट्याक्टर खरिद गर्दा आकर्षक उपहारको व्यवस्थाका साथै विश्वसनीय भएकाले यसतर्फ सबैको आकर्षण बढेको भन्दै विजेतालाई बधाइ दिएको छ ।

# दुर्व्यसनविरूद्ध सचेतना तालिम

**पथरीशनिश्चरे, माघ २।** मोरङको पथरीशनिश्चरे नगरका बाल सञ्जालका किशोर-किशोरीहरुका लागि लागूऔषध दुर्व्यसन तथा मानसिक स्वास्थ्य सम्बन्धी दुई दिने तालिम सम्पन्न भएको छ ।

नगरपालिकाको सहयोगमा दक्षिणा रिसर्च एण्ड ट्रेनिङ सेन्टरद्वारा आयोजित तालिममा नगर उपप्रमुख यमुना बिष्ट बाँस्तोलाले युवा पुस्तालाई कुलतबाट जोगाएर सृजनशील तथा कर्मशील बनाउने योजना अनुरुप तालिम प्रदान गरिएको बताइन् ।

तालिममा नगर बाल सञ्जालका पदाधिकारी एवम् सदस्य तथा वडा बाल सञ्जालबाट प्रतिनिधित्व समेत गराइएको थियो । तालिममा अधिकारकर्मी शोभा बजगाईं र सुशीला सुवेदी पाठकले सहजीकरण गरेकी थिइन् ।




# 'द भ्वाइस किड्स'को उपाधि जेनिश उप्रेतीलाई




**झापा, माघ २।** हिमालय टीभी एचडीबाट प्रसारण भएको गायन रियालिटी शो 'द भ्वाइस किड्स'को उपाधि झापाका जेनिश उप्रेतीले जितेका छन् ।

शुक्रबार र शनिबार बेलुकी ८ बजेबाट यो शो प्रशारण हुँदै आएको थियो । अन्तिम प्रतिस्पर्धामा पुगेका आठ जनामध्येबाट जेनिशले 'द भ्वाइस किड्स'को उपाधि जितेका हुन् । उपाधिसँगै जेनिशले 'द भ्वाइस किड्स'को ट्रफी, १५ लाख रुपैयाँ र विभिन्न गिफ्ट ह्याम्पर जितेका छन् ।

जेनिशलाई हिमालय टीभीका प्रमुख धर्मराज भुसालले ट्रफी र चेक प्रदान गरेका थिए । उपाधि जितेपछि जेनिशले भने- 'मलाई परिवारले एकदमै साथ दिनुभएको छ । मलाई गाइड गर्ने सबै कोचहरुलाई पनि म धेरै धन्यवाद दिन चाहन्छु । मैले ममीको सपना पूरा गर्न सकेकोमा गर्व गर्न चाहन्छु । दर्शकलाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।'

६ वर्षदेखि १४ वर्षसम्मका बालबालिकाहरुको सहभागिता रहेको यो रियालिटी शोमा कोचको रुपमा प्रमोद खरेल, राजु लामा, मिलन नेवार र प्रविशा अधिकारी रहेका थिए । २० भागसम्म चलेको यो शोलाई दर्शकले रुचाएका थिए । यसैबीच, 'द भ्वाइस किड्स' सफलतापूर्वक सम्पन्न भएसँगै हिमालय टीभीले 'द भ्वाइस अफ नेपाल'को चौथो सिजनको अडिसन मंगलबारबाट शुरु हुने जनाएको छ ।

# भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| देवीमाया पाण्डे | चन्द्रगडी-६ | ३७४५ | ०-१-० | खगरु राजवंशी |
| आनन्दप्रसाद ताजपुरिया | गौरीगञ्ज-५ | २०१ | १५४५ | खुरीलाल/रविलाल ताजपुरिया |
| आनन्दप्रसाद ताजपुरिया | गौरीगञ्ज-५ | २०० | ११२५.०० | खुरीलाल/खटीलाल ताजपुरिया |
| शुष्मा आङ्थुपो<br>" | दमक-१<br>" | ३५२५४<br>३५२५३ | ०-१३-६.५<br>०-७-०.२५ | गोपीलाल श्रेष्ठ<br>" |
| उमेश्वरप्रसाद राजवंशी<br>" " | गौरीगञ्ज- १<br>" | ४७८<br>५४४ | ८५४.००<br>६३७५ | ढोकालाल ताजपुरिया<br>" " |
| भिमबहादुर मगर | ज्यामिरगडी-३ | १२४८ | ०-१-१६ | चोरसिंह/भिम बा. राजवंशी |
| राधादेवी गौतम | अनारमनी-१ | २७३९ | ३३८.६३ | धनराज गिरी |
| शोभा श्रेष्ठ | गरामनी- ७ | ३४१ | ६७७३ | अर्जुन हेमरम सतार/<br>अर्जुन कुमार हेमरम |

# भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| मानकीदेवी साहु | पाँचगाछी-५ | १६५६ | ०-०-११ १/२ | हवली/हावा |
| मानकीदेवी साहु | पाँचगाछी-५ | १६६७ | ०-०-४ १/२ | देवरु |
| मानकीदेवी साहु | पाँचगाछी-५ | १६६५ | ०-०-१५ १/२ | नारायण राजवंशी/नारायण रा.ब. |
| पुन्यप्रसाद तिम्सिना | तोपगाछी-४ | ९५२<br>७२३३ | ०-२-१३<br>०-२-७.५० | सिगाई सटा सतार/सिङराई हास्दा सतार<br>सिगाई सटा सतार/सिङराइ हास्दा सतार |
| शान्ति मुर्मु हस्दा | कुमरखोद-८ | ३५३ | २८२१.८५ | प्रधान बेसरा सतार |
| भवानी दााहाल | घैलाडुब्बा-६ | ९४० | ०-१-० | फिरंगी चौधरी |
| गोविन्द दाहाल | घैलाडुब्बा-६ | ९४१ | ०-०-९ | फिरंगी चौधरी |
| गोपाल दाहाल | घैलाडुब्बा-६ | ९४२ | ०-१-१९.५ | फिरंगी चौधरी |
| कुमारप्रसाद उप्रेती | हल्दीबारी-१ | ३११९ | ०-०-१२.५ | कानून मुर्मु/कानुन मुरमु सतार/चङ्गी सतार |
| कुमारप्रसाद उप्रेती | हल्दीबारी-१ | ३११९ | ०-०-१२.५ | कानून मुर्मु/कानुन मुरमु सतार/चङ्गी सतार |
| गंगाप्रसाद उप्रेती | हल्दीबारी-१ | ३१२० | ०-०-१७ १/२ | कानून मुर्मु/कानुन मुरमु सतार/चङ्गी सतार |
| गंगाप्रसाद उप्रेती | हल्दीबारी-१ | ३११८ | ०-०-१२.५ | कानून मुर्मु/कानुन मुरमु सतार/चङ्गी सतार |
| भवानी शंकर उप्रेती | हल्दीबारी-१ | ३११५ | ०-२-० | कानून मुर्मु/कानुन मुरमु सतार/चङ्गी सतार |

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस् ।



सम्पर्कः ०२३-५५२६२० ९८४२६५५७००, ९८०४९३८१००

**हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई**

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस् ।



सम्पर्कः ९८०८७०५२०६/९८६३९८३६६८ ९८०७९३०७४०/९८४०४९८३५५

**होटल बिक्रीमा**

बिर्तामोड शनिश्चरे रोड राष्ट्रिय वाणिज्य बैंक अगाडि अति चालू अवस्थामा रहेको श्री ब्रोदर्स रेष्टुरेन्ट एण्ड सेकुवा कर्नर बिक्रीमा छ ।

सम्पर्क : ९८०८३२७४५०

**पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा**

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

**डाक्टर आउने बारेको सूचना**

डा. दिपायन पाण्डे
MBBS, M.D.
वरिष्ठ छाला तथा सौन्दर्य रोग विशेषज्ञ
प्रत्येक विहीवार
११ बजेदेखि
डल्फिन स्कीन हस्पिटलबाट

डा. मुक्ति आचार्य
MBBS, M.D. (KU)
वरिष्ठ मानसिक तथा नशा रोग विशेषज्ञ
प्रत्येक महिनाको पहिलो
र तेस्रो शनिवार
नोबेल मेडिकल कलेजबाट

**मेडिसिटी फार्मेसी**
भद्रपुर रोड, बैंक अफ काठमाडौं छेऊ बिर्तामोड
फोन : ०२३-५४१३५९, ९८५२६८२८४५

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

**नेपालीहरुको लागि भरपर्दो सेवा**
**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली बायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**डा. रामकुमार सिटौला**
MBBS, (KU) MD Birhospital Nams
वरिष्ठ पेट, छाती, मुटु, मृगौला, कलेजो, सुगर तथा थाइराइट रोग विशेषज्ञ
प्रत्येक दिन २:00 बजेदेखि मेची अञ्चल अस्तालबाट
सम्पर्क : **कान्तिपुर मेडिसीन एण्ड प्रधान डाइजोनोस्टिक सेन्टर**
अदुवा पुल छेऊ बिर्तामोड (झापा), फोन : ०२३-५३२८४५
नोटः यहाँ छाला, नाक, कान, घाँटी, बालरोग, हाडजोर्नी, नशा तथा मानसिक रोगको दैनिक सेवा उपलब्ध छ ।

**ठाकुर पोलिक्लिनिकमा**
विशेषज्ञ डाक्टरहरुको दैनिक सेवा

**डा. पिताम्बर ठाकुर**
MBBS MD (TU) NMC 1914 Consultant Physician
समयः दैनिक बिहान ११-२ बजेसम्म, दिउँसो ४ बजेपछि

हाम्रा थप सेवाहरु :
डा. शंशाकराज कोइराला : टाउको, नशा तथा मानसिक रोग विशेषज्ञ
डा. लवराज लोहनी : बाथरोग विशेषज्ञ
डा. केशव मण्डल : नवजात शिशु तथा बालरोग विशेषज्ञ
डा. धिरज गिरी : नाक, कान, घाँटी रोग विशेषज्ञ
डा. विवेक रौनियार : हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
डा. केशव ढकाल : छाला, कुष्ठ तथा यौनरोग विशेषज्ञ
डा. शम्भु नवल : वरिष्ठ चिरफार सर्जन विशेषज्ञ

यहाँ भिडियो एक्स-रे, डिजिटल X-Ray, ECG, इन्डोस्कोपी ओपिडी, आधुनिक प्याथोलोजी ल्याबको सेवा साथै अनुभवी डाक्टरहरुद्वारा उपचार गरिन्छ ।

पश्चिम बस स्टेण्ड, बिर्तामोड-१, झापा, फोन :०२३-५९०००८, ९८१७९६४७७१

**उपकार ब्राण्ड**
अब हर घरको शान
स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस् ।
नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यालय बितमिोड, पथरी, इलाम
सम्पर्कः ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क
९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** कार्य सिद्धि हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -** लामो दूरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धिको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** समय सामान्य रहने छ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ । धैर्य रहनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** समय दिन नसक्दा बन्न लागेको काम बिग्रन सक्ला, व्यवसायमा नोक्सानी व्यहोर्नुपर्ला, भैपरी आउने खर्चले चिन्ता बढाउन सक्ला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** स्वास्थ्यको ख्याल राख्नुहोला मन अशान्त रहनेछ, भैपरिआउने खर्चको सन्तुलन नमिल्नाले मन खिन्न हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** व्यापार-व्यवसायमा पदोन्नतीको योग छ, धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** समय त्यति अनुकूल देखिएन, बोल्दा विचार पुर्‍याउनुपर्छ, खानपानमा ध्यान दिनुहोला । विचार पुर्‍याएर मात्र खर्च गर्नुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** स्वास्थ्य प्रतिकूल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** बुद्धिको उपयोगले धनआर्जन हुनेछ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** तत्काल हतार गरेर गरेका काममा नोक्सानी व्यहोर्नुपर्ने हुनसक्छ, यात्राको प्रक्रिया अघि बढाउन सकिने योग छ, धार्मिक गतिविधि बढेर जानेछ ।